नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रशासन तथा प्रेस शाखा
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

प.सं. : २०८३/८४
च.नं.

मिति : २०८३/५/१२

सार्वजनिक बिदाका दिन सेवा प्रवाह हुने सम्बन्धी सूचना

भोटेकोशी र त्रिशुली नदीमा आएको बाढी प्रभावित क्षेत्रमा समाचार सङ्कलनका लागि ईच्छुक नेपाली तथा विदेशी सञ्चारमाध्यमका पत्रकारलाई सहज रुपमा प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउनका लागि मिति २०८३/०५/१२ देखि २०८२/०५/१४ सम्म सार्वजनिक बिदाका दिनसमेत विभागबाट सेवा प्रवाह हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ। प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचय पत्रका लागि विभागको वेवसाइट www.doib.gov.np को अनलाइन सेवाबाट तपसिलका कागजातसहित आवेदन दिनुपर्नेछ।

तपसिल

१. नेपाली पत्रकारका लागि

- नेपाली नागरिकताको प्रमाणपत्र
- सञ्चारमाध्यमले दिएको नियुक्ति पत्र
- प्रेस प्रतिनिधि प्रमाणपत्र दिनका लागि संस्थाले गरेको सिफारिस पत्र
- शैक्षिक योग्यताका प्रमाणपत्रहरु
- नवीकरण/अद्यावधिक भएको संस्थाको प्रमाणपत्र
- प्रतिवद्धता पत्र तथा तलब भुक्तानी गरेको प्रमाणित बैंक विवरण
- नियमानुसार अन्य ।

२. विदेशी पत्रकारका लागि

- प्रवेशाज्ञा भएको राहदानीको प्रतिलिपि
- नियुक्ति/सम्झौतापत्र
- सम्बन्धित संस्थाको सिफारिस पत्र
- सम्बन्धित देशको परराष्ट्र मन्त्रालय वा नेपालस्थित राजदूतावास/कन्सुलर कार्यालयको सिफारिस पत्र
- सम्बन्धित संस्थाको परिचय पत्र
- नियमानुसार अन्य।

पुनश्चः- *अनलाइन आवदेन स्वीकृत भएपछि प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचय पत्र लिन नियमानुसार शुल्क अनलाइनबाट तिरी पासपोर्ट साइजको दुईप्रति तस्विर लिई विभागमा आवेदक स्वयम् उपस्थित हुनुपर्ने।*

निर्देशक/प्रवक्ता

२०८३।५।१२